# खण्ड (१) परिचय

## १.१ अध्ययनको पृष्ठभुमि (Background)

नेपालको संविधान २०७२ ले राज्यको संरचनामा राज्यशक्तिको प्रयोग गर्ने गरी तीन तहको व्यवस्था गरेको छ- संघ, प्रदेश, र स्थानीय तह । स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समिति रहने कानूनी व्यवस्था छ । संविधानमा भएको व्यवस्था अनुसार स्थानिय कर (सम्पति कर, घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर) सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भुमिकर (मालपोत), दण्ड जरिवाना, मनोरन्जन कर, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी समेतका राजस्व संकलन गरी स्थानीय समुदायमा गुणस्तरिय सेवा प्रवाह गर्ने दायित्व स्थानीय तहको रुपमा रहेको गाउँपालिका तथा नगरपालिकामा निहित रहेको छ । यसै प्रकारले स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार गाउँपालिका तथा नगरपालिकाले उल्लिखित करहरु उठाउन पाउने र सक्ने विषयमा विस्तृत कानुनी व्यवस्था गरेको छ । यस ऐनमा नगरपालिकाको वित्तिय अधिकार क्षेत्रको व्यवस्था, कानुन बमोजिम बाहेक कर लगाउन, उठाउन वा ऋण लिन नपाउने व्यवस्था, राजस्व परामर्श समितिको व्यवस्था, स्रोत अनुगमन तथा बजेट सीमा निर्धारण समितिको व्यवस्था, प्रदेश र गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकार क्षेत्र भित्रका कर निर्धारण, संकलन तथा बाँडफाडको वैधानिक व्यवस्था समेत गरेको पाईन्छ । संवैधानिक व्यवस्था र ऐन विशेषको अधिनमा रही ***छार्का ताङसोङ*** गाउँपालिकाले पनि आफ्नो कार्यक्रम र क्षमता अनुरुप उल्लिखित विभिन्न प्रकारका राजस्व संकलन गर्दै आएको छ । विगतमा आन्तरिक राजस्व परिचालन र स्रोत प्रक्षेपण गर्ने कानुनी आधारशीला भने स्थानिय स्वायत्त शासन ऐन २०५५, र स्थानीय स्वायत्त शासन नियमावली २०५६ मा भएका व्यवस्था अनुरुप भएको थियो ।

राज्यको संरचनामा भएको अग्रगामी परिवर्तन र स्थानीय जनताका माग र अपेक्षा अनुसार सबै प्रकारका सेवा प्रवाह गर्न र विकास निर्माणका कार्यहरु गर्न केन्द्रबाट प्राप्त अनुदानले मात्र सम्भव नहुने निश्चीत प्राय छ । संविधान र प्रचलित अन्य कानुनले दिएको अधिकार क्षेत्रभित्र गाउँपालिका तथा नगरपालिकाले जबसम्म स्थानिय स्तरमा राजस्व संकलनको प्रकृयामा तीव्रता र सुधार गर्न सक्तैन, नयाँ राजस्वका स्रोतहरुको पहिचान गर्न सक्तैन, राजस्व संकलनमा स्थानीय जनताको सकरात्मक सहभागिता वृद्धि गर्न सक्तैन, स्थानीय तहका गाउँ पालिकाको राजस्व स्रोत संकलन क्षमता उठ्न

सक्तैन । छार्का ताङसोङ गाउँपालिकाले विगत देखिनै संकलन गर्दै आएको राजस्व संकलन प्रकृयामा गर्नुपर्ने सुधारका विधी र आवश्यक कार्ययोजना तर्जुमा गर्न, नयाँ राजस्व स्रोतहरुको पहिचान गर्न, कर संकलनमा स्थानीय जनसहभागिताको वृद्धि गर्नका निमित्त एक कार्यमुलक (Action Oriented), नतिजामुलक (Result Oriented) अध्ययन गर्न आवश्यक भएकोले यो अध्ययन गरिएको छ ।

## १.२ अध्ययनको उद्देश्य (Objectives)

यस अध्ययनको मुख्य उद्देश्य छार्का ताङसोङ गाउँपालिकाको आन्तरीक राजस्व परिचालनमा सुधार ल्याई राजस्व अभिवृद्धिमा परिमाणात्मक र गुणात्मक सुधार गर्ने एवं सो बाट स्थानीय गाउँबासीमा गाउँपालिकाले पुऱ्याउनु पर्ने सेवा प्रवाह समेतमा गुणस्तरियता, तीव्रता, र दिगोपना ल्याउनु हो । अध्ययनमा निम्न विषयहरुमा विशेष रुपले ध्यान केन्द्रित गरिएकोछ ।

- छार्का ताङसोङ गाउँपालिकाको आन्तरिक आय तथा राजश्वको वर्तमान अवस्थाको अध्ययन गर्ने ।
- छार्का ताङसोङ गाउँपालिकाको आन्तरिक आय तथा राजश्वका विभिन्न स्रोतहरुको लेखाजोखा गर्ने र बृद्धिका सम्भावनाहरु पहिचान गर्ने ।
- छार्का ताङसोङ गाउँपालिकाको आन्तरिक आय तथा राजश्व वृद्धिका लागि व्यवहारिक सुझावहरु प्रदान गर्ने ।

## १.३ अध्ययन विधी (Methodology)

यो अध्ययन सम्बन्धीत सरोकारवालाहरुको सकृय सहभागिता र यस संस्थाका पेशागत दक्ष तथा अनुभवि विषयगत विज्ञहरुको सहजीकरणमा सम्पन्न गरिएकोछ । राजस्व परिचालन सम्बन्धी कार्यमुलक अध्ययन विधि तथा प्रकृया निम्न बमोजिम अवलम्वन गरिएकोछ ।

### *१.३.१ नीतिगत एवं कानुनी संरचनाको अध्ययन*

- प्रचलित संविधान, संघिय  ऐन, नियममा भएको व्यवस्थाको नीतिगत एवं वैधानीक व्यवस्थाको विश्लेषण गर्नुको साथै छार्का ताङसोङ गाउँपालिकाको स्थानीय कानून, नीति तथा योजना बजेट तथा कार्यक्रमको समीक्षा तथा विश्लेषण,

- गाउँ पालिकाको विद्यमान करका दर, दायरा, संकलन प्रकृयाको अध्ययन ।

***१.३.२ राय, सुझाब संकलन र स्थलगत अवलोकन***

- गाउँवासीहरुमा कर संकलन सम्बन्धी राय सुझाब संकलन । यस्का लागी प्रश्नावलीको उपयोग गरिएको,
- कर संकलन भएका उपयुक्त स्थान र केन्द्रको स्थलगत अवलोकन,
- स्थानीय तहका समेत अधिकार क्षेत्रभित्रका कर संकलन गरिरहेका नेपाल सरकारका विद्यमान निकायबाट आवश्यक राय सुझाब संकलन ।

***१.३.३ सहभागितात्मक छलफल र अन्तरकृयाः***

गाउँपालिकाका प्रमुख, प्रतिनिधी, कर्मचारी तथा सरोकारवाला विभिन्न संघ संस्थाका प्रतिनिधीहरुको सहभागितामा सहभागीतात्मक गोष्ठि एवं अन्तरकृयाको आयोजना गरिएको थियो । यस्मा निम्न विषयमा विशेष ध्यान केन्द्रित गरिएकोछ ।

- करका दर, दायरा संकलन विधि र प्रकृया, राजस्व संकलनका कार्ययोजना ।

***१.३.४ दस्तावेज लेखनः***

सहभागितात्मक छलफल र अन्तरकृया स्थलगत अवलोकन, र अध्ययनबाट आएको निर्णयको आधारमा अध्ययन प्रतिवेदन तयार गरी गाउँपालिकामा प्रस्तुत गरिएकोछ ।

## १.४ श्रोत व्यक्ति एवं मानव शंसाधन **(Human Resources)**

यस अध्ययनको लागि सेवा प्रदायक संस्थाको तर्फबाट २ जना श्रोत व्यक्तिहरु र १ जना तथ्यांक सहायकहरुलाई परिचालन गरिएको थियो । छार्का ताङसोङ गाउँपालिकाको तर्फबाट लेखा तर्फ का श्री हरिवहादुर बुढामगर, लेखपालले यस अध्ययन कार्यको संयोजन गर्नुभएको थियो ।

## १.५ प्रतिवेदन प्रस्तुति **(Reporting)**

सहभागितात्मक छलफल तथा अन्तरकृया, स्थलगत अवलोकन, र अध्ययन प्रश्नावलीबाट आएको सूचनाको आधारमा अध्ययन प्रतिवेदन तयार गरिएको थियो । सो प्रतिवेदनको सार प्रस्तुती मार्फत सुझाव संकलन पनि गरिएको थियो ।

## २. छार्का ताङसोङ गाउँपालिकाको संक्षिप्त परिचय[1]

डोल्पा जिल्लामा रहेका ६ वटा गाउँपालिकाहरु मध्ये छार्का ताङसोङ पनि एक हो । क्षेत्रफलको आधारमा सबै भन्दा ठूलो गाउँपालिका छार्का हो । यस गाउँपालिकाको जनघनत्व ०.६९ मात्र छ । यसको अर्थ १ वर्ग किमीमा लगभग १ जना बसोबास गरेको पाइन्छ । यो गाउँपालिका जिल्लाको सबैभन्दा सानो गाउँपालिका लिकु भन्दा लगभग ३६ गुना ठुलो रहकोछ । यो छार्का ताङसोङ गाउँपालिका विगतको मुकोट र छार्का मिलेर वनेको हो ।

यस गाउँपालिकाको पूर्वमा शहरतारा गाउँपालिका, पश्चिममा धो गाउँपालिका, उत्तरमा तिन्जे गाउँपालिका र दक्षिणमा साल्दाङ गाउँपालिका संग सिमाना जोडिएको छ । यो छार्का तथा मुकोट मिलेर छार्का ताङसोङ गाउँपालिका बनेको हो । गाउँपालिका पार्श्वचित्र २०७५ अनुसार यो गाउाँपालिकाको २८२ घरधुरीमा  कूल जनसंख्या १४५१ रहेको छ । जातीय रुपमा यस गाउँपालिकामा गुरुङ्ग, जातजातीको बसोबास रहेको छ ।

यस गाउँपालिकाको भुभागको उचाई समुन्द्री सतह देखि ३,६६० देखि ४८७८ मिटरसम्म रहेको छ । तिव्वती सिमामा र हिमाली क्षेत्रको बीचमा रहेको यो उच्च पठार **(high Plateau)** नेपालको सबैभन्दा सुखा क्षेत्रको रुपमा रहेको छ । यस क्षेत्रका बस्तीहरु संसारकै सबैभन्दा उचाइमा रहेका बस्ती मान्छिन् । यस गाउँपालिकाको क्षेत्र लाई भोट क्षेत्र पनि भनिन्छ ।

**गाउँपालिकाका विकास सम्भावनाहरु (कृषि, जलविद्युत, पर्यटन, उद्योग,आदि)**

**कृषि**

यस गाउँपालिकामा अधिकांश मानिसहरु कृषि पेशामा आत्मा निर्भर नभएको पाइन्छ । आत्मनिर्भर तथा व्यवसायिक कृषिको माध्यमवाट गाउँपालिकाको समृद्धि तर्फ उन्मुख गराउन सकेमा कृषिलाई व्यवसायीकरण गर्न गाउँमा रहेका कृषकहरुलाई उन्नत वीउ विजन, मलखाद तथा प्राङ्गारिक खेतिको

[1] स्रोत डोल्पा जिल्ला पार्श्वचित्र

लागि राज्यस्तरवाट सहयोग उपलब्ध गराउन गाउँपालिकाले विशेष योजना बनाउनु पर्ने अवश्यक्ता रहेको छ । उन्नत खालको धान, मकै अन्य वालीहरु तथा तरकारी खेतीहरुलाई प्राथमिकताका साथ आधुनिक पद्धति अनुसार सीप तालिमको उपलब्ध गराई व्यवस्थापन गर्न सकेमा यस क्षेत्रको विकासको आधार कृषिमा आत्म निर्भर बन्न सक्ने सम्भावना देखिन्छ ।

**पशुपालन**

यस क्षेत्रमा ब्यवसायिक रुपले स्थानीय श्रोत साधन सीप र श्रमलाई उपयोग गरेर उन्नत खालको पशुपालन गर्न तथा चौरी तथा याकहरुको नश्ल सुधार गरी व्यवसायीक पशुपालन गर्न गाउँवासीहरुलाई सीप तथा तालिम दिएर व्यवस्थापन गर्न सकेमा यस व्यवसायवाट थप आम्दानी गर्न सक्ने सम्भावना देखिन्छ ।

**सीप तथा तालिम**

यस गाउँपालिकामा अधिकांश मानिसहरु कृषि पेशामा आत्मा निर्भर नभएकाले अधिकांश मानिसहरु बैदेशिक रोजगारीमा गएका छन भने केही मानिसहरुले सधारण व्यापार व्यवसाय गरेर जिवन निर्वाहा गर्दै आएका छन । केहि मानिसहरु पशुपालन गर्दै आएका छन । विभिन्न खालको सीप तथा तालिमको उपलब्धता गराउन सकेमा यस क्षेत्रमा ब्यवसायिक रुपले स्थानिय श्रोत साधन सीप र श्रमको सदुपयोग, रोजगारीता तथा आर्थिक स्थिति सुधार हुन सक्ने सम्भावना रहेको छ ।

**सडक**

यस गाउँपालिकामा सडक पुग्न नसकेको (भौगोलिक विकटता) र खेतीयोग्य जमिन न्यून भएका कारण निर्वाहमुखी कृषि प्रणालीबाट पनि जनतालाई जीवन निर्वाह सगर्न कठिन भइरहेको छ । हिमाली तथा उच्च पड्हाडी क्षेत्रमा हुने जडिबुटी तथा फलफुल खेतीको संभाव्यता र अवसरको पूर्णतः विश्लेषण भई व्यवसायोन्मुख खेती प्रणाली अवलम्वन गराउन सकिएको छैन ।

***मुख्य ऐतिहासिक, धामीर्क, पुरातात्विक तथा महत्वपूर्ण पर्यटकीय क्षेत्रहरु***

खोला नालामा पुलपुलेसाको राम्रो व्यवस्था पनि छैन । त्यसैले विकासको पहिलो प्राथमिकता सडकलाई दिनुपर्ने आवश्यक्ता देखिन्छ । वाटो घाटो सडकको राम्रो विकास गर्न सकेमा यस ठाउँमा पर्यटन स्थलको रुपमा विकास गर्न सकिन्छ । यस गाउँपालिकामाम केही प्रख्यात धार्मीक, *पुरातात्विक तथा महत्वपूर्ण पर्यटकीय क्षेत्रहरु* : मुकुट खोला र रुपगाड खोला त्यसै गरी साङदी गुम्बा, मुकुट –५ १००० बर्ष पुरानो निर्माण भएको, काथोक गुम्बा, तार्जोङ टसी छोलिङ्ग गुम्बा, छार्का – १ को ७०० बर्ष

पुरानो, पुरानो मूर्ति  र पेन्छिङहरु वोन्पो र छ्योवा संस्कृतिको गुम्बा, १५०० बर्ष पुरानो आकर्षक धार्मीक स्थानहरुको विकासभई गाउँपालिकाको आर्थिक श्रोतमा वृद्धि हुँदै जाने सम्भावना रहेको देखिन्छ । त्यसैगरी प्रमुख भन्ज्याङ्गहरुमा पिदु भन्ज्याङ्ग र क्षयाटो भन्ज्याङ्ग यस गाउँपालिकामा पर्दछ ।

**यातायात**

आधुनिक सडक यातायातले नछोएको डोल्पा जिल्लामा अहिले सम्म गोरेटा र घोडेछो वाहेक अन्य कुनै पनि सडक यातायातको व्यगवसथ हुनसकेको छैन । गाउँपालिकाको सबै वडाहरुमा यातायातको पँहुच पुऱ्याउन सकेमा कृषि क्षेत्रमा उत्पादन भएका उपजहरु, दुग्ध जन्य वस्तुहरु, माजु जन्य खसि, वोका, राँगा, भैसि, कुखरा, हाँस,  फलफुलहरु जस्ता विभिन्न वस्तुहरु वजार लगेर उचित मूल्यमा वेच विखन गर्न पाउने सम्भावना रहेको देखिन्छ ।

**जलविद्युत**

यस गाउँपालिकाको वडा नं. ४ को ताङगा खोलामा विद्युतको संभावना भएको देखिन्छ ।  यसबाट केहि मात्रामा गाउँपालिकाको आन्तरिक आम्दानी राजस्वमा वृद्धि हुने देखिन्छ । हाल गाउँपालिकाहरुमा विद्यु सुविधो छैन ।

**अन्य सम्भाव्यताहरु**

- यस गाउँपालिकामा ऐतिहासिक, धार्मीक एवं पर्यटकीय दृयष्टिकोणले अन्यन्त महत्वपूर्ण गुम्बाहरुक भएकोले जसले गर्दा भावी दिनहरुमा पर्यटन व्यवसायबाट निश्चित कर उठाउन सकिन्छ । जसबाट गाउँपालिकाको आन्तरिक राजस्व बढ्ने देखिन्छ ।
- यस गाउँपालिका क्षेत्रमा विशेष गरी जडिबुटी खेती प्रचुर मात्रामा हुने हँदा यसलाइ भावी दिनहरुमा विशेष पकेट क्षत्रको रुपमा विकास गरी एक जिल्ला एक गाउँ जडिबुटी उत्पादन क्षेत्रको रुपमा विकास गर्न सकिने देखिन्छ ।
- अधिकांश महिला अनपढ भएका र उच्च शिक्षावाट पनि बञ्चित हुनुपरेकोले, गाउँपालिकाको केन्द्रमा उच्च शिक्षाको व्यवस्था मिलाई शिक्षामुखी कार्यक्रमहरु सबै वडामा सञ्चालन गरी बढी भन्दा बढी जनशक्तीलाई शिक्षा हासिल गर्न लगाउने ।

## ३. गाउँपालिकाको आर्थिक अधिकार क्षेत्रका विषयमा भएको संवैधानिक व्यवस्था

३.१ नेपालको संविधानको अनुसूची –८ मा स्थानीय तहको अधिकार सूचीमा गाउँपालिका तथा नगरपालिकाको आर्थिक अधिकार क्षेत्रमा देहायका विषयको व्यवस्था गरिएको छ :–

- स्थानीय कर (सम्पत्ति कर, घर वहाल कर, घर जग्गा रजिष्ट्रशन शुल्क, सवारी साधन कर), सेवा शुल्क

३.२ नेपालको संविधानको अनुसुची –९ मा संघ, प्रदेश र स्थानीय तह (गाउँपालिका) को अधिकारको साझा सूचीमा देहाय बमोजिमको आर्थिक अधिकार क्षेत्र तोकिएको छ :–

- सेवा शुल्क, दस्तुर, दण्डजरिवाना, पर्यटन शुल्क
- प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी
- सवारी साधन अनुमति

## ४. गाउँपालिकाको आर्थिक अधिकार क्षेत्रका विषयमा स्थानीय सरकार संचालन ऐनमा भएको कानूनी व्यवस्था

४.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (घ) मा नगरपालिकाको स्थानीय कर, सेवा शुल्क तथा दस्तुर सम्वन्धि आर्थिक अधिकार क्षेत्रमा देहायका विषय तोकिएको छ :–

- संघीय तथा प्रदेश कानूनको अधिनमा रही सम्पत्ति कर, घर वहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भुमिकर (मालपोत) मनोरञ्जन कर सम्वन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन ।
- स्थानीय पूर्वाधार तथा सेवा शुल्कको निर्धारण, संकलन र व्यवस्थापन ।
- ट्रेकिङ्ग, ह्याकिङ्ग, क्यानोनिङ्ग, बन्जीजम्प, जिपफ्लायर, र्‍याफटीङ्ग, मोटरमाटो, केबुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा संचालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क ।
- जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा संकलन
- स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन

- ढुंगा, गिटी, बालुवा, माटो, काठ दाउरा, जराजरी, स्लेट, खरिढुंगा, आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन ।
- सिफारिस, दर्ता, अनुमती, नवीकरण आर्थिक शुल्क दस्तुर र संकलन
- स्थानीय राजश्व प्रर्वद्धनका लागि प्रोत्साहन
- राजश्व सूचना तथा तथ्यांकको आदानप्रदान
- संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजश्व चुहावट नियन्त्रण सम्वन्धी नीति, कानून, मापदण्ड नियमन ।
- स्थानीय पूर्वाधार सेवा र उपभोगमा सेवा शुल्क दस्तुर सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन ।
- मालपोत संकलन ।
- कर तथा सेवा शुल्क सम्वन्धी अन्य कार्य ।

४.२ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ (घ) मा सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी पर्यटन शुल्कका विषयमा संघ र प्रदेश कानूनको अधीनमा रही नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरिएको छ :–

- स्थानीय सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना सम्वन्धि नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन ।
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क, रोयल्टी संकलन, समन्वय र नियमन ।
- खनिज पदार्थको उत्खन्न र सो सम्वन्धी रोयल्टी संकलन
- सामुदायिक वनको संचालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी संकलन
- पानीघट्ट, कूलो, पैनी, जस्ता सेवा संचालनबाट प्राप्त रोयल्टी संकलन ।

## ५. राजश्व संकलनका सैद्धान्तिक अवधारणाहरु

कर प्राकृतिक वा संस्थागत व्यक्तिले राज्यलाई गर्ने अनिवार्य भुक्तानी हो । राजस्व वा कर सम्बन्धी सिद्धान्त, नीति र प्रणाली त्यस्तो वित्तीय औजार हो जसले जनता (बजार) लाई माथि उठाउन पनि सक्छ, तल झार्न पनि सक्छ । यसले राज्यको ढुकुटी मात्र बढ्दैन, बरू गरीब, सिमान्तकृत, महिला, बालबालिका र जेष्ठ नागरिकहरुले समेत आफूलाई सामाजिक दृष्टिले सुरक्षित भएको महसुस गर्न सक्छन् । बजारमा कुनै वस्तु किन्ने क्रेताहरुको लाइन बढाउने हो वा भन्सार बिन्दुमा भिडभाड घटाउने वा बढाउने शक्ति पनि कर नीतिसँग हुन्छ । कसैको खल्ती खाली गर्ने वा थप पैसा राखिदिने भन्ने काम सजिलै गर्न सक्छ । कुनै भौगोलिक वा विषयगत क्षेत्रमा लगानी बढाउने र घटाउने कार्यमा पनि महत्वपूर्ण भूमिका खेल्छ ।

देशभित्र उत्पादन बढाउने वा विदेशबाट वस्तु ओसारेर उपभोग शैलीको अर्थतन्त्रको निर्माण गर्ने भन्ने कुरा पनि यसैको आडमा गर्न सकिन्छ । कर दुई (२) प्रकारका हुन्छन् :

(क) प्रत्यक्ष कर : आयकर, सम्पत्तिकर

(ख) अप्रत्यक्ष कर : मुल्य अभिवृद्धि कर, भन्सार कर र अन्त शुल्क कर

कर सम्बन्धी विषयलाई अन्यत्र देशहरुमा प्राथमिकताका साथ उठाउने गरे पनि नेपालमा यस विषयले पाउनुपर्ने जति महत्व र प्राथमिकता पाएको देखिंदैन । राजनीतिक दलका कार्य सूचीहरु खर्च र वितरणतर्फ बढी केन्द्रित देखिन्छन् । कुन दलको करनीति के हो र त्यो नीति कुन दर्शन तथा सिद्धान्तमा आधारित छ, आपूर्ति पक्षीय अर्थशास्त्रीय आधार हो वा मागपक्षीय दर्शन हो ? स्पष्ट देखिदैन । अर्को दलकोभन्दा आफ्नो दलको दर्शन, सिद्धान्त तथा तथा नीति के आधारमा फरक छ र त्यसले आर्थिक वृद्धिलाई केन्द्रमा राखेको छ वा आर्थिक सामाजिक न्यायलाई, अनि यी दुवैबीचको अन्तर्सम्बन्ध स्थापित हुने आधार के हो भन्ने विषयमा प्रष्ट भएको पाइँदैन ।

स्थानीय तहहरुमा आन्तरिक राजश्व अभिवृद्धि गर्ने तीनवटा तरिकाहरु छन् : –

(१) कर, शुल्क, दस्तुरको आधारमा बृद्धि गर्ने,

(२) कर, शुल्क, दस्तुरको दरमा बृद्धि गर्ने, र

(३) राजश्व प्रशासनमा सुधार गर्ने

संक्षेपमा स्थानीय तहको आन्तरिक राजस्व = कराधार* करको दर * कर दायरा * मुल्यांकन अनुपात * संकलन अनुपात

(१) कर आधारमा बृद्धि : – कर आधार भन्नाले नेपाल सरकारले कानूनमा उल्लेख गरेका वस्तु वा सेवाको प्रकृतिको सूचीलाई जनाउँछ। यस्तो सूची (आधार) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख गरिएको छ। स्थानीय तहहरुले कर आधारमा बृद्धि गर्ने गुन्जायस अत्यन्त बृहद रहेको छ।

(२) कर, शुल्क, दस्तुर दरमा बृद्धि गर्ने : – कर दर भन्नाले दायरा भित्र रहेका वस्तु र सेवामा राज्य वा यसका अंगहरुद्वारा लिईने रकमलाई मापन गर्ने इकाई हो । करको दर बृद्धि गरिएमा सामान्यतया यसबाट उठने राजश्वमा वृद्धि हुन्छ। कर दरलाई बृद्धि गर्दा निम्न लिखित मुख्य कुराहरुलाई ध्यान दिनु पर्दछ।

- लचकता : – वस्तु तथा सेवाको उत्पादन, प्रशोधन, बिक्री एवं निकासीमा कर बृद्धि भएबाट त्यसको प्रतिस्पर्धात्मक क्षमता घट्न जाने, उत्पादन, बिक्री तथा निकासी गर्न निरुत्साहन हुने, आदि भई राजश्व घट्न जाने हुन्छ।
- समता : –यसमा समानान्तर करदातालाई समान रुपले व्यवहार गर्ने तथा कर बृद्धि गर्दा त्यसको असर वा भार कुन वर्ग बिशेषलाई बढी पर्छ भन्ने कुरालाई ध्यानमा राख्नु पर्छ। यसै गरी अत्यावश्यक वस्तु वा सेवामा कर बृद्धि गरेमा सामाजिक न्याय हुदैन।
- मितव्ययिता : – स्थानीय तहमा कर संकलन गर्दा यसका लागि लाग्ने प्रशासनिक खर्च न्यून वा प्रशासनिक खर्चको अनुपात संकलनको अनुपातमा कम हुनु पर्छ।

(३) राजश्व प्रशासनमा सुधार गर्ने : – स्थानीय तहहरुको राजश्व प्रशासनमा सुधार गर्ने कुराहरुमा देहायका विषयहरु पर्दछन् :

(क) कराधारमा उल्लेखित सूची तथा हुन सक्ने सूची कायम राखि निर्धारित करका दर आधारमा एवं थप दर निर्धारण गरी कार्यान्वयनमा ल्याउने ।

(ख) कर क्षेत्र : –कर योग्य वस्तु तथा सेवाबाट जम्मा रकमलाई दायरामा भएको कुल करयोग्य सम्पत्तिले भाग गर्दा आउने अंक कर क्षेत्र हो । यसबाट मूल्यांकनको उपयुक्तता र पूर्णताको सूचना प्राप्त हुन्छ ।

(ग) मूल्यांकन अनुपात तय गर्ने : –मूल्यांकन अनुपात भन्नाले राजश्व मूल्यांकन खातामा भएको कुल मूल्यलाई मूल्यांकन गरिने सम्पत्तिको वास्तविक बजार मूल्यले भाग गर्दा आउने अनुपात हो । यसले सम्पत्ति मुल्यांकन स्तरको उपयुक्तताबारे सूचना प्रदान गर्छ । जग्गा तथा सम्पत्तिमा आधारित राजश्वका लागि मात्र यो उपयोगी हुन्छ । मूल्यांकन अनुपातले सम्पत्ति तथा घरजग्गा करदर र कराधार बढाउन सहयोग गर्दछ ।

(घ) संकलन अनुपात तय गर्ने : –संकलन अनुपात भन्नाले कुनै आर्थिक बर्षमा संकलन भएको कर राजश्व रकमलाई सो बर्षमा कुल बील गरिएको रकमले भाग गरी निकाल्ने अनुपातलाई बुझिन्छ । संकलन अनुपात बाट कर संकलनको प्रभावकारीता नाप्न सकिन्छ । कर संकलन दर चालु तथा अग्रिम संकलन दायित्वबाट प्रभावित हुन्छ ।

# खण्ड (२)
# छार्का ताङसोङ गाउँपालिकाको विद्यमान राजश्व संकलनको अवस्था विश्लेषण

## २.१ राजश्व संकलन (आन्तरिक) का सम्वन्धमा भएको कानूनी व्यवस्था

छार्का ताङसोङगाउँपालिकाको विद्यमान राजश्व संकलन छार्का ताङसोङ गाउँपालिकाको आर्थिक ऐन, .............. बाट निर्देशित एवं व्यवस्थीत भएको छ । यस ऐनमा व्यवस्था भए बमोजिम देहाय बमोजिमका करहरु संकलन हुदै आएका छन् :–

- सम्पत्तिकर
- घर वहाल कर
- घरजग्गा रजिष्ट्रेशन
- सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा)
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- भुमिकर (मालपोत)
- दण्ड जरिवाना
- मनोरञ्जन कर
- बहाल बिटौरी घर जग्गा कर
- मृत वा मारिएका जीवजन्तुहरुको हाड, सिंग, प्वाँख, छालामा कर
- जडीबुटी कर यार्सा अन्य
- भेडाच्याङग्रा तथा चौरी चरीचरन
- भेडाच्याङग्रा तथा चौरी निकासी कर

## २.२ छार्का ताङसोङ गाउँपालिकाको आन्तरिक राजश्व संकलनको स्वरुप

| क.स | राजश्वका शिर्षकहरु | न्यूनतम रु. (हजारमा) | अधिकत रु. (हजारमा) |
|---|---|---|---|
| १ | सम्पत्तिकर | ९० | १८० |
| २ | घर वहाल कर | ९० | १८० |
| ३ | घरजग्गा रजिष्ट्रेशन | ८० | १६० |
| ४ | सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा) | ८० | १६० |
| ५ | पर्यटन शुल्क | १०० | २०० |
| ६ | विज्ञापन कर | ९० | १८० |
| ७ | व्यवसाय कर | ९० | १८० |
| ८ | भुमिकर (मालपोत) | ९० | १८० |
| ९ | दण्ड जरिवाना | ५० | १०० |
| १० | मनोरञ्जन कर | ५० | १०० |
| ११ | बहाल बिटौरी घर जग्गा कर | ६० | १२० |
| १२ | मृत वा मारिएका जीवजन्तुहरुको हाड, सिंग, प्वाँख, छालामा कर | १५० | ३०० |
| १३ | जडीबुटी कर यार्साअन्य | १५० | ३०० |
| १४ | भेडाच्याङग्रा तथा चौरी चरीचरन | ९० | १८० |
| १५ | भेडाच्याङग्रा तथा चौरी निकासी कर | ९० | १८० |
| | जम्मा | १३५० | २७०० |

## २.३ विद्यमान राजश्व संकलनको अवस्था विश्लेषण

छार्का ताङसोङ गाउँपालिकाको आन्तरिक राजश्व संकलनको स्वरुप अत्यन्त सानो (छदैछैन भन्दा पनि हुन्छ) रहेको छ । सडक खानेपानी, शिक्षा, स्वास्थ्य, कृषि, बाढी नियन्त्रण, भुमि व्यवस्थापन, पर्यटन विकास लगायत सवै क्षेत्रको विकासका लागि आन्तरिक राजश्व अति उच्च दरमा परिचालन गर्नु

आवश्यक पर्दछ । केन्द्रबाट प्राप्त अनुदान सहयोगले मात्र गाउँवासीहरुका विकासका आकाँक्षाहरुको परिपूर्ति हुन सक्तैनन् ।

छार्का ताङसोङ गाउँपालिकाको विद्यमान राजश्व संक्लनको अवस्था विश्लेषण गर्दा नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको वैधानीक व्यवस्था अनुरुप यस गाउँपालिकामा कतिपय राजश्वका नयाँ श्रोतहरुको पहिचान गर्नुपर्ने अवस्था रहेको छ भने मौजुदा राजश्व संकलन प्रकृयामा आवश्यक सुधार गर्नुपर्ने अवस्था रहेको देखिन्छ । राजश्व अभिवृद्धिकालागि कतिपय विद्यमान राजश्वका दर रेटमा परिवर्तन गर्नुपर्ने अवस्ता रहेको छ । उद्योग एवं व्यापार क्षेत्रका कतिपय गतिविधि संचालन नभएकोले करको दायरामा ल्याउन सकिएको छैन । स्थानीय सरकारको रुपमा रहेको छार्का ताङसोङ गाउँपालीकाले गाउँपालिका क्षेत्र भित्र आर्थिक एवं सामाजिक विकासका बृहद क्रियाकलापलाई तीब्रता रुपमा अगाडी बढाएको खण्डमा राजश्वका नयाँ नयाँ स्रोतहरु स्वस्फुर्त रुपमा विकसित हुदै जाने अवस्था कायम रहेको छ । गाउँपालिकाको संस्थागत क्षमतामा सुधार, तथ्यांक एवं सूचना प्रणालीको विकास, शिपयुक्त जनशक्तिको विकास, राजनैतिक प्रतिवद्धता, निजी क्षेत्र एवं आम गाउँवासीमा कर मैत्री भावनाको विकास गराउनु समेत आवश्यक भएको छ । राजश्वका कतिपय क्षेत्रहरुमा प्रदेश र स्थानीय तह बीच दोहोरोपना भएको विषयलाई कानून बमोजिम र थप संस्थागत प्रणालीको विकास गरी समाधान गर्नुपर्ने अवस्था रहेको देखिन्छ ।

अध्ययन विश्लेषणमा राजश्व संकलन गर्नुपर्ने सुधारका मुख्य विषयलाई वूँदागतरुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ :–

(१) सम्पत्ति कर :– छार्का ताङसोङगाउँपालिकामा संपत्तिकरको संकलन स्थिति अझै गाउँपालिका बाट वडास्तरमा विकेन्द्रिकृत हुन सकेको छैन । समपत्ति करको मूल्यांकन स्तर वस्तुपुरक हुन सकेको छैन । गाउँवासीले आफनो सम्पत्तिको यथार्थपरक र वस्तुपरक मूल्यांकन दर पाउन नसकेको अनुभुती देखिन्छ । एकीकृत सम्पत्ति कर संकलन भएको अवस्थाको वस्तुपरक अनुगमन हुन सकेको छैन । एकीकृत सम्पत्ति कर बुझाउन गाउँवासी केवल घरजग्गा किनबेच हुँदा मात्र आउने अवस्था रहेको छ । अर्थात गाउँवासीकमा करमैत्री भावनाको विकासका लागि सचेतनामूलक अभिमुखिकरण कार्यक्रम संचालन गर्नु आवश्यक देखिन्छ । एकीकृत सम्पत्तिकरको दर रेट पुनरावलोकन गर्नुपर्ने अवस्थामा रहेको छ ।

(२) भुमिकर (मालपोत) :– एकीकृत सम्पत्ति कर लागु भए पछि पनि कतिपय गाउँवासीहरुले पूरानो वक्यौता मालपोत बुझाउन बाँकी रहेको हुन सक्ने स्थितिको यर्थाथपरक अनुगमन हुन सकेको छैन ।

(३) घर वहाल कर :– घर वहाल कर संकलनको अवस्था छैन ।

(४) व्यवसाय कर :– यस गाउँपालिकामा यसको अवस्था नाजुक रहेको छ ।

(५) जडीबुटी, कवाडी, जीवजन्तु कर : –यी करहरुको संकलन स्थिति शुन्य प्रायः छ । यस्मा आवश्यक सूचना संकलन गरी गाउँपालिकाको सहायतामा सानो दरमा भए पनि कर संकलन गर्न प्रकृया अगाडी बढाउनु पर्दछ । मृत्यू भईसकेका जीवजन्तुको सिङ, हाड, रौ आदि पनि न्यून रुपमा गईरहेको छ । यस्लाई पनि कर दायरामा ल्याउनु आवश्यक पर्दछ ।

(६) सवारी साधन कर : – नभएको ।

(७) विज्ञापन कर :– अहिले व्यवसायिक युगमा विज्ञापको निकै महत्व रहेको छ । गाउँ पालिकाको अनुगमन प्रणाली प्रभावकारी बनाई विज्ञापन कर संकलनमा उपयुक्त कदम अपनाउन आवश्यक भएको छ । विज्ञापन कर को दरमा पनि पुनरावलोकन गर्न आवश्यक भएको छ । व्यवसायको विकास र विस्तरका लागि विज्ञापन संचारको उपयुक्त माध्यम हो भने यसलाई करको दायराभित्र ल्याउनु स्थानीय सरकारको दायित्व हो । विज्ञापन कर संकलन प्रणालीमा नतीजामूलक अनुगमन हुनु आवश्यक रहेको छ ।

(८) मनोरन्जन कर : – गाउँवासीको ईच्छा अनुकुलमा मनोरञ्जनमूलक गतिविधी एवं विकास कार्यक्रमहरु न्यून भएका राजश्व मनोरन्जन कर संकलनको स्थिति न्यू रहेको छ । बाटो निर्माण भएको खण्डमा रिसोर्टहरुको स्थापना, होमस्टेको शुरुवात आदि गर्न सकिन्छ ।

(९) वहाल बिटौरी कर : –छार्का ताङसोङगाउँ पालिकामा पर्ती जग्गाहरुमा जग्गाधनीपुर्जा नलिइएका तर बर्षैदेखि बसोबास गरेका आवास गरिरहेका छन् । यिनीहरुसंग राज्य लिने सेवा शुल्क को मात्रा

न्यूनछ । वडास्तरमा अभिलेखिकरण कायम गरी राजश्वको दायार भित्र ल्याउनु आवशयक रहेको देखिन्छ ।

(११) पर्यटन शुल्क : – यस गाउँपालिका रहेको गुम्वा तथा रमणीय क्षेत्र जस्ता पर्यटकीय संभाव्यता भएका क्षेत्रमा सेवाको विकास गरी संयुक्त साझेदारीका आधारमा पर्यटन व्यवसाय विकास गर्नका निमित्त साझेदारी पर्यटन विकास कार्यक्रम संचालन गर्नु आवश्यक देखिन्छ ।

# खण्ड (३)

# छार्का ताङसोङ गाउँपालिकामा नयाँ राजश्वका श्रोतहरुको पहिचान

## *३.१ नयाँ राजश्वका श्रोतहरुको पहिचानका लागि अपनाईएका विधीहरु*

### ३.१.१ आधारभुत तथ्यांक एवं सूचना संकलन र विश्लेषण

यस अध्ययनमा तथ्याङ्क संकलनका लागि गुणात्मक प्रश्नावली विधि (Qualitative Questionnaire Method) प्रयोग गरिएको थियो (अनुसूची २) । तथ्याङ्क संकलनकोलागि गाउँपालिका कर्मचारीहरुसमेतबाट तथ्याङ्क संकलनको काम गरिएको थियो । उहाँहरूलाई परामर्शदाताले तयार गरिएका १० वटा प्रश्नावलीको सेट दिइएको थियो । तथ्यांक संकलनगर्दा परामर्शदाताहरूले प्रत्यक्ष एवम् स्थलगत अध्ययन गरी तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.१.२ स्थलगत अध्ययन र विश्लेषण (अवलोकन तथा निरिक्षण)

अध्ययनको क्रममा सवै वाडाहरु (वडा नं. १ – ६) अवलोकन गरिएको थियो । अवलोकनबाट पनि त्यहाँ रहेका वडावासीहरुको भौतिक संरचना, आर्थिक अवस्था, सामाजिक अवस्था अवस्थाका बारेमा वडामा छलफल गरी विवरणहरु संकलन गरिएको थियो ।

### ३.१.३ सरोकारवाला संघ संस्था एवं पदाधिकारीसंग भएको अन्तरकृया एवं छलफल र विश्लेषण

यस अध्ययनको क्रममा यस अध्ययनसंग सम्वन्धित रहेका विशिष्ट व्यक्तिहरु, उद्योग वाणिज्य संघ, विभिन्न समितिका व्यक्तिहरुसँगको अन्तरक्रियाबाट पनि यस अध्ययनमा टेवा पुगेको छ ।

**आन्तरिक आय सम्वन्धि गाउँपालिकाको सवल पक्ष, दूर्वल पक्ष, चुनौति तथा अवसरहरुको विश्लेषण**

**(क) सवल पक्ष**

- अहिले गाउँपालिका निर्वाचित जन प्रतिनिधिहरुबाट संचालन भएको हुँदा गाउँवासीहरुमा गरेका प्रतिवद्धता गर्न पनि तत्परता भएको अवस्था ।
- गाउँपालिकाले दिएको सेवा वर्तमानको जनशक्ति र प्रविधि अनुसार छिटो छरितो रहेको छ ।
- जिल्लालाई कर्णाली क्षेत्रको मान्यता र सुविधा रहेको ।
- जडिबुटीको राम्रो उपलव्धता ।
- बाटो खन्न डोजर खरिद गरिएको ।

(ख) दुर्वल पक्ष

- जनशक्तिको अभाव । (कर्मचारी तथा जनप्रतिनिधिहरुमा सकारात्मक सोच)
- कर्मचारीहरुलाई तालिमको अवसर नभएको ।
- सार्वजनिक सञ्चार माध्यमबाट कर दाताहरुलाई कर तिर्न आउन सूचना नगरिएको ।
- कर मैत्री कार्यक्रमहरु नभएको ।
- राजश्व परामर्श समिति ले सुझावहरु तथा समन्वयको अभाव ।

(ग) चुनौतिहरु

- भौगोलिक विकटताका कारण करदातालाई सानो कर तिर्न पनि हिचकिचाउनु ।
- जटिल भूबनोट र व्यापक फैलावटका कारण कृषि सुधार तथा विकास निर्माण कार्य खर्चिलो ।
- पशुपालन व्यवसायमा पर्याप्त सुधारका संभावना हुँदाहुदै पनि यसतर्फ यथेष्ट ध्यान पुग्न सकेको छैन ।
- भुक्षय र पहिरो समस्या तीब्र रहेको ।

(घ) अवसरहरु

- गाउँपालिकामा व्यापक सडक संजाल निर्माण तर्फ उन्मुख भएको कारण आर्थिक गतिविधिहरुमा बृद्धि हुदै गईरहेको हुँदा उद्यमी व्यवसायीक तथा आम नागरिकको गतिविधिमा पनि बृद्धि हुदै गएको ।
- ताङगा खोलामा जलविद्युत निर्माण हुनसक्ने हुदा राजश्व वृद्धि हुने देखिन्छ ।
- उद्यमशिल सरकार (entrepreneurial Government) को विकसित हुने अवस्था । (सीटीभीटीबाट सम्वन्धन गरी पोलिटेक्निस संचालन हुनसक्ने)

### ३.१.४ प्रश्नावली वितरण एवं संकलन र विश्लेषण

यो अध्ययन पूर्णतया द्वितीय (Secondary) श्रोत तथ्याङ्क र सूचनाको आधारमा तय गरिएको र सोही अनुसार गाउँपालिका (कर्मचारी, वडा कार्यालय तथा वडा जनप्रतिनिधहरु) तथा करदाताहरु (उद्योग वाणिज्य महासंघ, वन महासंघ तथा केहि स्थानीय नगरवासीहरु) र स्थानीय बुद्धिजिवी तथा जानिफकारहरुबाट तथ्याङ्क – सूचना संकलन गरिएको थियो । यसका लागि अध्ययन टोलीले सूचना संकलन खाका, प्रश्नावली तथा चेकलिष्ट बमोजिम सम्भव भए सम्मका तथ्याङ्क –सूचना संकलन गरिएको थियो । स्थानीय तवरबाट प्राप्त सूचना तथ्याङ्क र सूचनाको संकलन पश्चात प्रारम्भिक विश्लेषण गरी गाउँपालिकामा प्रस्तुति गरिएको थियो ।

## *३.२ अध्ययन र विश्लेषणका आधारमा नयाँ राजश्वका श्रोतहरुको पहिचान*

छार्का ताङसोङ गाउँपालिकाको आन्तरिक राजस्व परिचालन अभिबृद्धि गर्नका निमित्त अध्ययनको क्रममा गाउँपालिकाका विभिन्न वडाहरु स्थलगत अवलोकन, प्रश्नावलीको मध्यमबाट केहि गाउँवासीहरुको राय एवं सुझाव संकलन, उद्योग बाणिज्य संघ, सामुदायिक वनका उपभोक्ता समिति लयायतका विभिन्न संघसंस्थाका प्रतिनिधि बीच अन्तरकृया एवं छलफल गरिएको थियो । गाउँपालिकाको भौगोलिक अवस्थिति, शहरीकरणको स्तर, गाउँवासीको सामान्य आर्थिक एवं सामाजिक अवस्था, गाउँपालिकाको भौतिक पूर्वाधार सम्वन्धी संरचनाको अवस्थालाई पनि अध्ययनको विषयवस्तुको रुपमा अंगीकार गरिएको थियो ।

नेपालको संविधान स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको बैधानीक व्यवस्था र यस अध्ययनको विश्लेषणका आधारमा छार्का ताङसोङ गाउँपालिकामा पहिचान गरिएका नयाँ राजश्वका स्रोतहरु देहाय बमोजिम रहेका छन् :–

***(१) मुख्य ऐतिहासिक, धामीर्क, पुरातात्विक तथा महत्वपूर्ण पर्यटकीय क्षेत्रहरु***

वाटो घाटो सडकको राम्रो विकास गर्न सकेमा यस ठाउँमा पर्यटन स्थलको रुपमा विकास गर्न सकिन्छ । यस गाउँपालिकामाम केही प्रख्यात धार्मीक, *पुरातात्विक तथा महत्वपूर्ण पर्यटकीय क्षेत्रहरु* : मुकुट खोला र रुपगाड खोला त्यसै गरी साङदी गुम्बा, मुकुट –५ १००० बर्ष पुरानो निर्माण भएको, काथोक गुम्बा, तार्जोङ टसी छोलिङ्ग गुम्बा, छार्का – १ को ७०० बर्ष पुरानो, पुरानो मूर्ति र पेन्छिङहरु वोन्पो र छ्योवा संस्कृतिको गुम्बा, १५०० बर्ष पुरानो आकर्षक धार्मीक स्थानहरुको विकासभई गाउँपालिकाको आर्थिक श्रोतमा वृद्धि हुँदै जाने सम्भावना रहेको देखिन्छ । त्यसैगरी प्रमुख भन्ज्याङ्गहरुमा पिदु भन्ज्याङ्ग र क्ष्याटो भन्ज्याङ्ग यस गाउँपालिकामा पर्दछ ।

***(२) छार्का ताङसोङ गाउँपालिकाले*** ताङगा खोलामा ***निजी क्षेत्रसंग साझेदारी –पर्यटन विकास ( जलकृडा तथा पार्क)*** छार्का ताङसोङ गाउँपालिकाको वडा ४, मा गाउँ तथा निजी क्षेत्रसंग साझेदारीका आधारमा जलविद्युत था विशेष विकास पर्यटन विकास कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरेमा दुवै स्थानीय तहको राजस्व परिचालनमा बृद्धि हुन सक्दछ । प्याकेजको रुपमा सडक निर्माण एवं सुधार, होमस्टे, तालिम केन्द्र एवं होटेल व्यवसाय संचालन हुन आवश्यक छ ।

***(३) प्राविधिक कलेज (ईन्जिनियरिङ्ग तथा चिकित्साशास्त्र) सिटिभिटीसंग सम्वन्धन गरी संचालन, तथा वृहद व्यावसायिक कम्पलेक्स निर्माण, रंगशाला निर्माण, (कोल्डस्टोर) ।***

छार्का ताङसोङ गाउँपालिका गाउँवासीका लागि स्थानीय सरकार भएकोले नगर क्षेत्रमा वृहत आर्थिक एवं सामाजिक गतिविधि विस्तार हुने वृहद योजना तथा कार्यक्रम संचालन गरेमा राजश्व परिचालनमा प्रत्यक्ष एवं अप्रत्यक्ष योगदान पुग्दछ । यस प्रकारका योजना तथा कार्यक्रममा गाउँ क्षेत्र भित्र

ईन्जिनियरिङ्ग तथा चिकित्सा शास्त्र कलेज सञ्चालन, सुपथ पसल संचालन, एवं व्यवस्थापन जस्ता क्रियाकलापहरु पर्दछन् ।

**(४) सरकारी पर्ति ,सार्बजनिक र ऐलानी जग्गामा बसोबास गर्नेलाई करको दायरामा ल्याउन तिनीहरुको लगत संकलन गर्ने ।**

छार्का ताङसोङ गाउँ पालिकाको प्रायः सवै वडा र क्षेत्रमा दर्ता हुन बाँकी रहेको पर्ति एवं ऐलानी जग्गामा ठूलो संख्यामा बर्षो देखि सुकुम्वासीको रुपमा मानिसहरुबाट बस्दै आएका छन् । यी यस प्रकारको भुमिमा वसोबास गर्दै आएका समुदायको जग्गालाई विधिवत दर्ता गर्ने प्रकृयालाई गाउँपालिकाको सहजिकरणमा केन्द्रिय सरकारले एकातिर बढाउन जरुरी रहेको देखन्छ भने अर्कोतर्फ हाल यसरी बसोबास गरेका व्यक्तिको घर र जग्गालाई अभिलेखिकरण गरी करको दायरामा गाउँपालिकाले लगाउन सके राजश्व परिचालनमा ठूलो योगदान पुग्ने देखिन्छ ।

**(५) जडीवुटी, कवाडी र जीवजन्तु जिवजन्तु कर मा पुनरावलोकन गर्ने ।**

गाउँपालिकाले गाउँवाहिर निकासी भईरहेको जडीवुटी, र जीवजन्तु जिवजन्तु कर कर गरी बजार अनुगमनमा सुधार गरेको खण्डमा राजश्व संकलन योगादन पुग्न सक्ने देखिन्छ ।

**(६) व्यवस्थीत हाट बजार ।**

कृषि विकासको कार्य क्षेत्र समेत स्थानीय तहमा आएको छार्का ताङसोङ गाउँपालिका पूर्णतया शहरीकरण नभएबाट ठूलो जनसमुदाय कृषिमा निर्भर रहेकोले कृषिलाई व्यवसायीकरण गर्न गाउँपालिकाले आवश्यक पहल गरे अप्रत्यक्ष रुपमा राजश्व परिचालनमा योदान पुग्न सक्दछ । यसो गर्दा गाउँपालिकाको व्यवस्थीत तरकारी बजारमा समेत तरकारीको आपूर्तिमा निरन्तरता हुने र तराईको बेमौसममा यहाँका केही भागको मौसमी तरकारी निकासी समेत हुन सक्तछ ।

**(७) गाउँपालिकाले वैदेशिक रोजगारमा जाने युवाशक्तिलाई उपयुक्त किसिमको अभिमुखिकरण र शीप विकास हुने तालिम**

छार्का ताङसोङ गाउँपालिकामा बसोबास गर्ने ठूलो युवा जनशक्ति वैदेशिक रोजगार तथा बसाई सराईमा जाने क्रम रोकिएको छैन । स्वदेशमा रोजगारीका अवसर व्यापकरुपमा नबढेसम्म वैदेशिक रोजगार नरोकिने भएकाले केन्द्रिय सरकारसंग समन्वय एवं सहजीकरण गरी गाउँपालिकाले वैदेशिक रोजगारमा जाने युवाशक्तिलाई उपयुक्त किसिमको अभिमुखिकरण र शीप विकास हुने तालिम दिइएको खण्डमा सोबाट गाउँको राजश्व परिचालनमा अप्रत्यक्षरुपमा योगदान पुग्न सक्ने देखिन्छ ।

***(८) संभाव्य तर्फ : नदिजन्य पदार्थ, उत्खनन, संकलन तथा बिक्री वितरण ।***

नदिजन्य पदार्थ, उत्खनन, संकलन तथा बिक्री वितरणको कार्य गाउँपालिका तथा नगरपालिकामा बाट सोझै दिन सकिने भएकोले ४०% राजश्व वृद्धि हुन सक्ने देखिन्छ । ढुंगा गिटी वालुवाको बिक्री वितरणमा प्रभावकारी अनुगमन प्रणालीको विकास आवश्यकता रहेको छ । नदिजन्य पदार्थको बिक्री वितरण विधिमा समेत नयाँ प्रविधि प्रयोग गरेको खण्डमा राजश्व संकलनमा सुधार एवं अनुगमन प्रकृयामा समेत सहजता हुन सक्दछ ।

# खण्ड (४)

# छार्का ताङसोङको राजश्व संकलनका लागी कार्यान्वयन गर्नु पर्ने कार्ययोजना र प्रकृयागत व्यवस्था

**(क) कार्य योजना**

(१) गाउँपालिकाको राजश्व परामर्श समितिले प्रक्षेपित राजश्व संकलनका लागि एक नतीजामूलक कार्ययोजना तर्जुमा गरी सो को (Calendar of Operation) कार्य सञ्चालन तालिका तयार गरी कार्यान्वयन गर्ने गराउने, र समितिले गर्न नसक्ने नीतिगत विषय गाउँ सभामा पेश गर्ने,

(२) गाउँपालिकाको मौजुदा राजश्व शाखाको स्तरोन्नती गर्ने र जनशक्ती थप गरी जनशक्तिलाई कम्प्यूटर लगायतका शीपमूलक तालिम प्रदान गर्ने,

(३) शहरी क्षेत्रको राजश्व संकलनका लागि बजार अनुगमन प्रणाली प्रभावकारी एवं नियमित हुन आवश्यक भएकोले सो को संस्थागत व्यवस्थापन गरी नियमित प्रतिवेदन लिईने र सो उपर राजश्व परामर्श समितिले उपयुक्त कार्यवाही अगाडी बढाउने,

(४) गाउँपालिका र्दुगम ठाउँमा रहेका वडा स्तरका कार्यालयले अझै पनि केही सेवा दिन नसकेका स्थितिको अन्त्यका लागि गाउँपालिकाले वडाको क्षमता अभिवृद्धि गरी अधिकार समेत बिकेन्द्रीत गर्ने,

(५) करदाताको रुपमा रहेका गाउँवासीहरुमा करमैत्री भावनाको विकास गर्न उपयुक्त सचेतनामूलक तालीम एवं अभिमुखिकरण कार्यक्रम संचालन गर्ने,

(६) राजश्व परामर्श समितिले प्रदेश सरकार उद्योग वाणिज्य संघ, सामुदायिक वन उपभोक्ता समूह, औद्योगिक प्रतिष्ठन, संघीय सरकारका नगरमा रहेका राजस्व सम्वन्धी कार्यालय एवं इकाई वीच आवश्यक समन्वय कायम गर्ने संस्थागत प्रणालीको विकास गर्ने,

(७) बजार अनुगमन तथा व्यवस्थापन गर्न गाउँ निरिक्षकको व्यवस्था गर्ने ।

(८) गाउँ क्षेत्रमा कर्यान्वयनमा वृहद विकास आयोजना तथा कार्यक्रमले राजश्व परिचालनमा दीर्घकालिन रुपमा सहयोग पुग्ने भएकोले सो सम्वन्धमा सरोकारवाला पक्ष संग वहस पैरवी अन्तरकृया एवं छलफल गर्ने गराउने ।

**(ख) प्रकृयागत व्यवस्था**

(१) नेपालको संविधान, स्थानीय सरकार संचालन एने २०७४ को वैधानीक व्यवस्था पछि गाउँ तथा नगरपालिकाको अधिकार क्षेत्र तोकिएका विषय अझै पनि हस्तान्तरित हुन नसकेकोमा सो हस्तान्तरणका लागि राजश्व परामर्श समितिले आवश्यक पहल गर्ने,

(२) गाउँ पालिकाको राजश्व शाखाको क्षमता अभिवृद्धि गरी कम्प्यूटरकृत अभिलेख प्रणालीको विकास गर्ने,

(३) गाउँ पालिकाको अधिकार क्षेत्र वृहत्तर भएको, राजश्व परिचालनको सम्वन्ध प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सवै विकास कृयाकलपाहरुसंग भएकोले राजस्व परामर्श समितिले कार्यक्षेत्र अनुकुलका उपसमिति एवं कार्यदल गठन गरी आवश्यक कार्य सम्पादन गराउने,

(४) गाउँपालिका भित्र ठूलो क्षेत्रफल ओगटेका जग्गा अझै पनि जग्गा दर्ताको प्रकृयामा रहेकाले तिनलाई करको दायरामा ल्याउन मालपोत र नापी इकाईहरुसंग समन्वय गरी क्षेत्रफल, घर र नामनामसारी सहितको अभिलेखिकरण वडास्तरमा राख्ने प्रवन्ध मिलाउने,

(५) आधुनिक भौगोलिक सूचना प्रणालीको मान्यता अनुकुलको गाउँवासिको भौगोलिक क्षेत्र भित्रको भूउपयोग योजना तयार गर्ने,

(६) राजश्व परामर्श समिति र राजश्व शाखाको कार्यसञ्चालनका लागि थप बजेट विनीयोजन गर्ने । बजार अनुगमन, सूचना प्रणालीको विकास, गाउँ प्रहरी (निरिक्षक)को व्यवस्था (संभव भए), समन्वय व्यवस्थापन, राजश्व परिचालन हुन सक्ने संभाव्य योजना तथा परियोजनाको निर्माण एवं विकास हुन आवश्यक देखिन्छ ।

# खण्ड (५)
# निष्कर्ष एवं सुझावहरु

५.१ निष्कर्ष

गाउँपालिका जनताको स्थानीय सरकार हो । गाउँवासीहरुको भरोसाको केन्द्र हो । गाउँका समुदायका जन्म देखि मरण सम्मका कार्यहरुमा गाउँपालिका समर्पित हुनुपर्दछ । वालवालिका महिला, असहाय, बृद्ध, युवा जनशक्ति, उद्योगी व्यापरी, कृषक सवैलाई स्थानीय सरकारले सम्वोधन गर्नुपर्ने हुन्छ । सडक, खानेपानी, सिचाई, विद्युत, टेलीफोन, कृषि, बाढि नियन्त्रण, भुमि व्यवस्थापन, शहरीकरण लगायत यावत विकास सम्वन्धि सेवा प्रवाहलाई सम्पादन गर्नु गाउँ पालिका तथा नगरपालिकाको मुख्य कर्तव्य र अधिकार भित्र पर्दछ । यी सवै कार्यक्रम सम्पदन गर्न गाउँपालिकालाई संधीय सरकारले दिएको अनुदान अति न्यून हुन्छ ।

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ र आफनो तहको कानूनलाई आधार मानी हरेक गाउँपालिका तथा नगरपालिकाले राजश्व परिचालन गर्नु आवश्यक हुन्छ । राजश्व संकलन प्रकृयामा आम गाउँवासी, उद्योगी व्यापारी, राजनैतिक पार्टीहरु, सहकारी क्षेत्र सवैको सकारात्मक सहभागिता आवश्यक हुन्छ । जनता कर मैत्री नहुँदा राजस्व ठप्प हुने हुन्छ । जनताले तिरेको कर गाउँपालिकाले सदुपयोग गर्न नसकने जनतालाई विश्वास दिन नसकने स्थानीय सरकार प्रति जनतामा वितृष्णा पैदा हुन जान्छ । तसर्थ यस अध्ययनमा उल्लेखित राजश्व क्षमता अभिवृद्धिका उपाय र कार्ययोजनालाई उच्चतम प्राथमिकता साथ गाउँपालिकाले कार्यान्वयन गरी गराई जनताका विकास आकाँक्षाहरु परिपूर्ति गर्नुपर्ने यथार्थतामा मतैक्यता हुनैपर्छ ।

## ५.२ सुझावहरु

**राजश्व संकलन गर्नकोलागि देहाय बमोजिमका मुख्य सुझावहरु कार्यान्वयनका लाीग सिफारिश गरिएको छ :**

- राजश्व परामर्श समितिको अगुवाईमा प्रक्षेपित राजस्व संकलन कार्यलाई एक कार्यमूलक र समयतालिका आवद्ध कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, नीतिगत र कानूनी विषय अग्रताका साथ गाउँसभामा पेश गर्ने,

- गाउँ पालिकाको राजश्व शाखालाई स्तरोन्नती गरी जनशक्ति, साधन र श्रोत सम्पन्न गराई शाखाको संस्थागत क्षमता अभिवृद्धि गर्ने, कार्यरत जनशक्तिलाई क्षेत्रगत शीपमूलक तालीम प्रदान गर्ने,
- राजश्व परामर्श समितिले गाउँ पालिकामा अप्रत्यक्ष रुपमा राजश्व परिचालनमा सहयोग पुग्ने वृहत्तर विकास योजना तथा कार्यक्रम पालिका मार्फत गाउँसभामा पेश गर्ने उदाहरणकोलागि चोर्नीयाखोलको पयर्टन विकास, तथा सीटीभीटीसंगको सम्वन्धनमा पोलेटिक्नीक्स संचालित ईन्जिनियरिङ्ग तथा मेडिकल जनशक्ति उत्पादन गर्ने कलेजको स्थापना ।
- संविधान र स्थानीय सरकार संचालन ऐनमा प्रदेश र स्थानीय तहबीच दोहोरोपना कायम भएका विषयको स्पष्टता र आफनो अग्रधिकार लिनका लागि गाउँ पालिकाले पहल एवं समन्वय गर्ने ।
- राजश्व संकलनको कार्यलाई करदाता मैत्री वनाउन गाउँवासीहरु समक्ष अभिमुखिकरण, सचेतनामूलक गोष्ठी एवं अन्तरकृया कार्यक्रम संचालन गर्ने ।
- राजश्व क्षमता अभिवृद्धिको कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने विषयमा संस्थागत प्रतिवद्धता कायम गर्ने ।
- व्यवसाय कर संकलनमा बाणिज्यसंघसंग समन्वयात्मक प्रयास गर्नुपर्ने देखिन्छ । अझ व्यवसायलाई बर्गिकरण गर्न सक्दा कर संकलन बैज्ञानिक हुन जान्छ जसबाट साना व्यावसायी व्यवसायमा टिकन सक्छन् र ठूला व्यवसायी कर तिर्न सक्षम हुने हुदा समतामूलक कर प्रणाली हुन जाने देखिन्छ ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा स्थानीय तहको सीमीत गरिएको वित्तीय अधिकारमा पुनरावलोकन गर्न स्थानीय तहबाट वहस पैरबी गर्नु आवश्यक देखिन्छ ।
- गाउँ पालिकाले बजार अनुगमनलाई प्रभावकारी वनाउन स्थानीयतहको प्रहरी(निरिक्षक) व्यवस्था गर्ने ।

## अनुसूचीहरु

### १. प्रश्नावलीहरुको नमूना

छार्का ताङसोङ गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि सूचना संकलन फारम

संस्था वा व्यक्तिः –                                        ठेगाना :–

१. तपाईलाई छार्का ताङसोङगाउँपालिकाको काम र कर्तव्यको बारेमा जानकारी छ ?

(क) छ (........) छ भने के के काम गर्छ? ................................................

.........................................................................................................

(ख) छैन (.......)

२. गाउँपालिकाको कुनै योजनामा उपभोक्ता समितिको सदस्य हुनु भएको छ ? हुनुभएको छ भने कुन योजनामा सहभागी हुनु भएको छ ?

.........................................................................................................

३. गाउँपालिकाले निर्णय गरेका मुख्य निति नियम को बारेमा जानकारी छ ? छ (......) छैन (....)

.........................................................................................................

४. तपाईले गाउँपालिकालाई के कस्ता किसिमका मुख्य करहरु तिर्ने गर्नु भएको छ ?

.........................................................................................................

५. तपाईले बुझाएको करले गाउँपालिकाले के गर्छ ? जस्तो लाग्छ ? .......................

................ ........................................................................................

६. कर बुझाउदा खुशि लाग्छ वा दु:ख लाग्छ ? किन ?.............................................

……………………………………………………………………………………………

७. हाल बुझाई राखेको कर बढाउदा राम्रो होला जस्तो लाग्छ ?

……………………………………………………………………………………………

८. तपाईको विचारमा यस गाउँपालिकाले कुन कुन क्षेत्रमा कर लगाउदा राम्रो होला ?

……………………………………………………………………………………………

……………………………………………………………………………………………

९. तपाईको विचारमा गाउँपालिकाले के कस्ता काम गरेमा गाउँबासिहरुलाई सहज होला र कर तिर्न तपाईहरु इच्छुक हुनु होला ?

……………………………………………………………………………………………

……………………………………………………………………………………………

१०. तपाईको विचारमा कुन कुन त्यस्ता क्षेत्रहरु छन् जसमा गाउँपालिकाले कर लगाउन राम्रो होला ? ……………………………………………………………………

……………………………………………………………………………………………

११.तपाईको संस्थाले कुन कुन वस्तु तथा सेवाहरुमा कर तिर्ने गर्नु भएको छ ? ……………………………………………………………………………………………

……………………………………………………………………………………………

१२. गाउँपालिकाले करको बारेमा गाउँवासिहरुलाई सुसुचित गरेको छ ? ……………………………………………………………………………

१३. तपाईको विचारमा गाउँपालिकाले उठाउनुपर्ने करका क्षेत्रहरु कुन कुन हुन ?

……………………………………………………………………………………………

करको बारेमा तपाईको गाउँपालिकालाई थप सल्लाह केहि भए :

(क)…………………………

(ख)…………………………

## २. सूचना संकलनका केही झलकहरु









## ३. सन्दर्भ समाग्रीहरु (Bibliography)

१) नेपालको संविधान, २०७२

२) स्थानीय सरकार संचालन ऐन, २०७४

३) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

४) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

५) छार्का गाउँपालिकाको आर्थिक ऐन, ...................

६) स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थीक व्यवस्थापन तथा संपति हस्तान्तरण सम्बन्धि निर्देशीका, २०७४ (अर्थ मन्त्रालय, सिंह दरबार)